जसले नक्षत्रहरूबाट ज्ञान प्राप्त गर्छ, उसले जादूको एक भाग सिक्छ । उसले जति धेरै ज्योतिषविज्ञान सिक्छ, त्यति धेरै जादू सिक्नेछ ।

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : "जसले नक्षत्रहरूबाट ज्ञान प्राप्त गर्छ, उसले जादूको
एक भाग सिक्छ । उसले जति धेरै ज्योतिषविज्ञान सिक्छ, त्यति धेरै जादू सिक्नेछ ।"
[सही] [अबू दाउद, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले तारा र नक्षत्रहरूको ज्ञान सिक्छ र तिनीहरूको चाल, प्रवेश र निकासले पृथ्वीमा हुने घटनाहरूमा के कति प्रभाव पर्छ त्यसमा विचार गर्छ, जस्तै जीवन, मृत्यु, रोग र भविष्यमा हुने कुराको बारेमा ज्ञान प्राप्त गर्छ । उसले जादूको एक भाग सिकेको छ र उसले जति धेरै यो ज्ञान प्राप्त गर्छ, जादूको बारेमा उसको ज्ञान त्यतिनै बढ्दै जानेछ ।

http://www.sunnah.global/hadeeth/ne/show/5989